सवैला नगरपालिका

# स्थानीय राजपत्र

खण्डः.क..          संख्याः..१.          मितिः २०७४/१२/२२

**भाग-१**

**सवैला नगरपालिका**

## <u>सबैला नगरपालिकाको आर्थिक ऐन, २०७४</u>

**सबैला नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः** संघियताको मूल मर्म र भाबना अनुरुप जनताको व्यापक सहभागितामा सबैला नगरपालिकाको आर्थिक सामाजिक विकास प्रकिया तिब्र, समाबेसी, पारदर्शी बनाई सामाजिक न्याय सुनिस्चित गर्ने उद्देश्यले आर्थिक वर्ष २०७४/७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सबैला नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि नै सबैला नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र आर्थिक वर्ष २०७५।७६ देखि एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। त्यसका लागि अध्यन गरि आबस्यक व्यबस्था यस आ. ब. मै मिलाइनेछ।

३. **भूमि कर (मालपोत):** बक्यौता रकम असुल गर्ने प्रयोजनको लागि नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वाआंशिक तवरले वहालमा लिए दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ। वहाल सम्झौतामा अर्को व्यवस्था भएकोमा वाहेक वहाल कर तिर्ने दयित्व घर/जग्गा धनिको हुने छ

५. **व्यवसाय कर:** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर:** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन कर:** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन कर:** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क:** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्क:** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ब्यबसाय दर्ता शुल्क:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यापार व्यवसायको अभिलेख दुरुस्त गरी नगरपालिका बाट प्रदान गरिने सेवाको ब्यबस्थापन गर्न तथा नगर योजना तर्जुमा तथा कार्यन्वयन गर्न नगर छेत्र भित्र संचालित सबै पसल, ब्यबसाय, सेवाहरु नगरपालिकामा अनिबार्य रुपमा दर्ता गर्नु पर्ने व्यबस्था चालु आ ब देखि नै लागु गर्ने छ। व्यवसाय दर्ता वापत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुर:** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **जग्गा प्लटिङ्ग** : नगरपालिकाले अर्को बेबस्था नभएसम्मका लागि ब्यपारिक प्रयोजनका लागि गरिने जग्गा प्लटिङ्ग पूर्ण रुपमा रोक लगाएको छ। साथै नगरपालिकाको प्रक्रिया पुरा गरि प्लटिङ्गको तथा घडेरी खार्ने तथा पुर्ने अनुमति प्रदान गर्ने शुल्क अनुसूची (१३) बमोजिम हुनेछ ।

१६. **नक्सा पास सम्बन्धमा**: नगरपालिका क्षेत्र भित्र योजनाबद्ध बस्ति विकास गर्न र नगरपालिका बाट प्रदान गरिने सेवालाई जनाशाभागीतामुलक पारदर्शी र प्रभावकारी बनाउनका लागि हालसम्म बनिसकेका घर टहरा छाप्रा लगाएत सबै प्रकारका आवाशीय, अध्योगिक, ब्यबसाइक संरचनाहरुले मौजुदा संरचनाको नक्सा तयार गरि यसै आ ब भित्र नगरपालिकामा नक्सा दर्ता गराउनु पर्ने छ सो का लागि अनुसूची (१४) वमोजिम दस्तुर लगाईने तथा असुल उपर गरिनेछ साथै नक्सा पास सम्बन्धि स्थानीय एन यसै आ ब मा तयार गरि आगामी बर्ष देखि लागु गरिने छ

१७. **सरसफाई शुल्क**: नगरपालिका क्षेत्र भित्र सरसफाई सेवा दिए वापतको सरसफाई शुल्क अनुसूची (१५) वमोजिम लगाईने तथा असुल उपर गरिने छ

१८. **भाडा दस्तुर**: नगरपालिकाले दिने अन्य सेवाहरुको भाडा दर अनुसूची (१६) वमोजिम लगाईने तथा असुल उपर गरिने छ

१९. **दण्ड जरिवाना**: नगरपालिकाले स्वीकृत गरेको कानुनको उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई अनुसूची (१७) बमोजिम दण्ड वा जरिवाना गरिने छ

२०. **राजश्व अभिवृद्धि सम्बन्धी योजना** : नगरपालिकाले आन्तरिक आय अभिवृद्धिको लागि राजश्व अभिवृद्धि सम्बन्धी योजना कर्यान्वयन गर्दा अनुसूची (१८) वमोजिमका क्रियाकलाप संचालन गरिने छ ।

२१. **सङ्कलित रकमको राजश्व बाडफाड :** नेपालको संबिधान, सघीय कानुन तथा प्रदेशको कानुन बमोजिम तथा केन्द्रीय सरकारको निर्देशन बमोजिम सङ्कलित रकमको बाडफाड गर्नु पर्ने भएमा सोहि बमोजिम गरिने छ ।

२२. **करछुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन। सहज सेवा प्रदान गरी नियम सम्मत छुट लिन चाहने सेवाग्राही हरुलाई अनुसूची (१९) वमोजिम कर छुट प्रदान गरिने छ यस अतिरिक्त कर छुट दिनु पर्दा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी कर छुट दिनु पर्ने र नगरसभाबाट एकमुष्ट अनुमोदन तथा समर्थन गराउनु पर्नेछ ।

२३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्य विधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरकार्यपालिकाले तोके अनुसार हुनेछ।

**सबैला नगरपालिका**

**मालपोत तथा भुमि कर**

**अनुसूची १**

| **सि.नं.** | **विवरण** | **दर रेट** |
|---|---|---|
| **३ विघा भन्दा कम क्षेत्रफलका लागि** | | |
| १ | सबैला नगरपालिका क्षेत्रभित्रको अव्वल जग्गा लाई बाकी रहेको मालपोत प्रति बिघा | रू ९०।०० |
| २ | सबैला नगरपालिका क्षेत्रभित्रको दोयम जग्गा लाई बाकी रहेको मालपोत प्रति बिघा | रू ७०।०० |
| ३ | सबैला नगरपालिका क्षेत्रभित्रको सीम जग्गा लाई बाकी रहेको मालपोत प्रति बिघा | रू ५०।०० |
| ४ | सबैला नगरपालिका क्षेत्रभित्रको चाहर जग्गा लाई बाकी रहेको मालपोत प्रति बिघा | रू ३०।०० |
| **३ विघा भन्दा बढी क्षेत्रफलका लागि** | | |
| १ | नगरपालिका क्षेत्रभित्रको अव्वल जग्गा लाई बाकी रहेको मालपोत प्रति बिघा | रू १७०।०० |
| २ | सबैला नगरपालिका क्षेत्रभित्रको दोयम जग्गा लाई बाकी रहेको मालपोत प्रति बिघा | रू १५०।०० |
| ३ | सबैला नगरपालिका क्षेत्रभित्रको सीम जग्गा लाई बाकी रहेको मालपोत प्रति बिघा | रू १३०।०० |
| ४ | सबैला नगरपालिका क्षेत्रभित्रको चाहर जग्गा लाई बाकी रहेको मालपोत प्रति बिघा | रू १२०।०० |

**सबैला नगरपालिका**

**घर वहाल कर**

**अनुसूची २**

| सि.नं. | विवरण | दर रेट |
|---|---|---|
| १ | घर बहाल कर : नेपाल सरकारबाट वहाल कर असुलीको लागि थप निर्देशन नआए सम्म सम्झौता रकमको | २.००% |

सबैला नगरपालिका

व्यवसाय कर

अनुसूची ३

| सि.नं. | विवरण | वार्षिक दर रेट |
|---|---|---|
| **क** | **खुद्रा पसल** | |
| १ | चुरोट रक्सी समेतका खुद्रा पसलहरुमा वार्षिक | १२००।०० |
| २ | डिलर चुरोट, रक्सी, चिनी आदि | १८००।०० |
| ३ | कवाडी पसल | १०००।०० |
| ४ | पान पसल | ४००।०० |
| ५ | चुरोट रक्सी समेतका थोक पसलहरुमा वार्षिक | २५००।०० |
| ६ | ज्वेलरी पसल | ३५००।०० |
| ७ | भिडियो क्यासेट पसल (रेकर्डर तथा प्लेयर) | २००।०० |
| ८ | निर्माण सामाग्री बिक्रेता | ५०००।०० |
| ९ | कम्प्युटर, बिद्युतीय सामान, क्यामरा टेलिभिन  मर्मत, कार्पेट पसल आदिमा | १०००।०० |
| १० | रडियो, मोवाईल  मर्मत तथा बिक्रि | १०००।०० |
| ११ | पेट्रोलियम पदार्थ थोक (पेट्रोलपम्प) | १००००।०० |
| १२ | पेट्रोलियम पदार्थ खुद्रा | १०,०००।०० |
| १३ | दैनिक खाद्य सामाग्री खुद्रा पसल  कठघरा ५००।०० पक्कीघर १०००।०० | ५००।००<br>१०००।०० |
| १४ | कपडा तथा रेडिमेट | १५००।०० |
| १५ | सुति कपडा थोक बिक्रेता | १५००।०० |
| १६ | दैनिक खाद्य सामाग्री थोक बिक्रेता | ५०००।०० |
| १७ | स्नुकर खेल | २५००।०० |
| १८ | पुल हाउस | २०००।०० |
| १९ | एग्रोभट पसल खुद्रा | ६००।०० |
| २० | औषधी पसल खुद्रा | १०००।०० |
| २१ | औषधी थोक बिक्रेता | २०००।०० |
| २२ | फुल / विरुवा बिक्रेता | ६००।०० |
| २३ | सिसा प्लाईउड बिक्रेता | १०००।०० |
| २४ | भाँडाकुडा बिक्रेता | १५००।०० |
| २५ | स्टिल, काठ फर्निचर तथा फर्निशिङ  बिक्रेता | २५००।०० |
| २६ | खेलौना, उपहार, गिफ्ट बिक्रेता | ५००।०० |
| २७ | सवारी साधन बिक्रेता | ५०००।०० |
| २८ | केबुल नेटवर्किङ (ग्राहकहरु सम्मको आधारमा ) | २५०००।०० |
| २९ | ट्राभल एजेन्सी | १२००।०० |
| ३० | जिम सेन्टर | १०००।०० |
| ३१ | हेवी ईक्वेप्मेन्ट वर्कशप वस, ट्रक समेत | १५००।०० |
| ३२ | ड्राई क्लिनर्स | ५००।०० |

| सि.नं. | विवरण | वार्षिक दर रेट |
|---|---|---|
| ३३ | ग्यास सिलिण्डर डिलर तथा डिपो | २५००।०० |
| ३४ | अटो मेकानिक्स तथा ईन्जिनियरिङ बस ट्र्याक्टरहरु | १०००।०० |
| ३५ | लेथ सेक्शन वर्कशप | १०००।०० |
| ३६ | टायर रिसोलिङ | १०००।०० |
| ३७ | सिमेन्ट ब्लक, रिङ र टायल उद्योग | १०००।०० |
| ३८ | इट्टा, बालुवा, रोडा बिक्री केन्द्र | २५००।०० |
| ख | **विशेषज्ञ परामर्श तथा अन्य व्यावसायीक पेशामा** | |
| १ | स्वीकृत चिकित्सक | १०००।०० |
| २ | कविराज | ५००।०० |
| ३ | ईन्जिनियर /काउन्सिलमा दर्ता भएको ईन्जिनियरलाई पटके दस्तुर | १५००।०० |
| ४ | कानुन व्यवसायी | १०००।०० |
| ५ | लेखापरिक्षक | ५००।०० |
| ६ | दन्त चिकित्सक | १०००।०० |
| ७ | अनुसन्धानकर्ता तथा परामर्शदाता | १०००।०० |
| ८ | ओभरसियर | १०००।०० |
| ९ | बीमा एजेन्ट | ३०००।०० |
| १० | सर्भयर | ५००।०० |
| ११ | अनुबादक | ५००।०० |
| १२ | पशु चिकित्सक | १०००।०० |
| १३ | शेयर दलाल | २०००।०० |
| १४ | सहजकर्ता | १०००।०० |
| १५ | निर्माण व्यवसाय | |
| १६ | न.पा. क्षेत्रभित्र ठेगाना भएका तथा अन्य ठेकेदारहरुमा | ५०००।०० |
| **ग** | **उत्पादनमुलक उद्योग** | |
| १ | होजियारी उद्योग | १०००।०० |
| २ | इट्टा भट्ट | २५०००।०० |
| ३ | अन्य उत्पादनमुलक उद्योग | २०००।०० |
| **घ** | **उर्जामुलक उद्योग** | |
| १ | गोबरग्याँस उद्योग | २०००।०० |
| २ | सोलार | २०००।०० |
| ३ | अन्य उद्योगमा | २०००।०० |
| **ङ** | **कृषि तथा अन्य उद्योग चिउरा उद्द्योग** | |
| १ | स मिल कटानी चिरानी समेत | ५०००।०० |
| २ | फर्निचर उद्योग | ३५००।०० |
| ३ | कुटानी, पिसानी, पेलानी, मिल एउटा मेशिन | २५००।०० |
| ३.१ | प्रति थप एक मेशिनमा | ५००।०० |

| सि.नं. | विवरण | वार्षिक दर रेट |
|---|---|---|
| ४ | धन गहुको गद्धी | २००००।०० |
| ५ | सरकारका खनिज उद्योग (रोडा ढुँगा समेत) | ४०००।०० |
| ६ | टेलिफोन, फ्याक्स, ईमेल, ईन्टर्नेट आदि | ६००।०० |
| ७ | एस.टी.डि आई.एस.टि.डि | ३००।०० |
| ८ | फोटोकपी | ६००।०० |
| ९ | कुरियर सेवा | ४००।०० |
| १० | बैण्ड बाजा | ५००।०० |
| ११ | लाउडस्पिकर saund सिस्टम | २५००।०० |
| १२ | अन्य | ५००।०० |
| **च** | **आर्थिक कारोबार गर्ने संस्था** | ५०००।०० |
| १ | सहकारी संस्था बैंकिङ कारोबार गर्ने | ८०००/०० |
| २ | बित्तीय सहकारी / फाईनान्स/लघुवित्त बैंक २ करोड भन्दा बढी चुक्ता पुजी भएकालाई | ५०००।०० |
| ३ | बित्तीय सहकारी / फाईनान्स/लघुवित्त बैंक २ करोड भन्दा कमचुक्ता पुजी भएकालाई | २५००।०० |
| ४ | शाखा कार्यालय, अन्य स्थानमा कार्यालय रही कारोबर गर्ने वित्तिय संस्थाहरु | ३०००।०० |
| **छ** | **स्वास्थ्य सेवा** | |
| १ | गैर सरकारी अस्पताल | ६०००।०० |
| २ | नर्सिङ होम | ७०००।०० |
| ३ | क्लिनिक तथा ल्याब | १२००।०० |
| **ज** | **शिक्षा सेवा** | |
| १ | नीजि क्षेत्रका स्कुल, मा.बि. | ६०००।०० |
| २ | निजि क्षेत्रका क्याम्पस | ५०००।०० |
| ३ | निजि बिद्यालय आधारभुत तह | ५००।०० |
| ४ | तालिम तथा अनुसन्धान केन्द्र | ५००।०० |
| ५ | टाईपिङ कम्प्युटर तथा भाषा प्रशिक्षण | १२००।०० |
| **झ** | **गैर सरकारी संस्था** | |
| १ | क) राष्ट्र स्तरीय | ५००।०० |
| २ | ख) जिल्ला स्तरीय | ३००।०० |
| ३ | ग) नगर स्तरीय | २००।०० |
| ४ | मर्मत सम्भार सेवा | |
| **ञ** | **अन्य सेवा** | |
| १ | मोटर मोटरसाइकल वर्कशप | २०००।०० |
| २ | रडियो, टि.भी., घडी, प्रेसर कुकर, हिटर, टेलिफोन सेट, बिद्युत सामाग्री मर्मत | ६००।०० |
| ३ | ब्युटी पार्लर र ड्राई क्लिनर्स | ३००।०० |
| ४ | मासु बिक्रेता | १५००।०० |
| ५ | फ्रेश हाउस | ५००/०० |
| ६ | साइनबोर्ड बनाउने आर्ट पसल | ३००।०० |

| सि.नं. | विवरण | वार्षिक दर रेट |
|---|---|---|
| ७ | सिलाई | |
| **७.१** | साधारण (दुई सिट सम्म) | ८००।०० |
| ७.२ | टेलरिङ (दुई सिटभन्दा बढी) | १०००।०० |
| **७.३** | कपडा समेत राखी (चार सीट भन्दा बढी) | १५००।०० |
| ८ | केश सृङ्गार (सैलुन) | |
| **८.१** | दुई सीट सम्म | ६००।०० |
| ८.२ | पाँच सिट सम्म | ९००।०० |
| **८.३** | पाँच सीट भन्दा माथि | ११००।०० |
| ९ | अन्य व्यवसाय | |
| **९.१** | अन्य व्यवसायको हकमा व्यवसायको प्रकृति हेरी रु ३०० देखि ३००० सम्म लिने . | ३००।००-<br>३०००।०० |
| **ट** | **सेवा उद्योग** | |
| १ | छापाखाना | ६००।०० |
| २ | फोटोग्राफी | ९००।०० |
| ३ | अन्य | ५००।०० |
| ४ | निर्माण उद्योग ग वर्ग  १५०००.०० घ वर्ग १००००.०० | १५०००।००<br>१००००।०० |
| **ठ** | **पर्यटन उद्योग** | |
| १ | "ग" वर्ग होटल तथा रिसोर्ट लागि | १०००।०० |
| २ | रेष्टुरेन्ट | १२००।०० |
| ३ | फास्टफुड भान्छाघर | १२००।०० |
| ४ | लज मात्र भएकोमा | ५००।०० |
| ५ | भोजनालय | १२००।०० |
| ६ | मिठाई पसल | १०००।०० |
| ७ | चिया चमेना पसल | ६००।०० |
| ८ | पाटी प्यालेश, पाटी भेनु, पाटी बैङ्क्वेट | २०००।०० |
| ९ | रेष्टुरेन्ट सहितको तालिम केन्द्र | ३०००।०० |

## सबैला नगरपालिका
## जडिबुटी, कवाडी तथा जीवजन्तु कर
## अनुसूची ४

| सि.नं. | विवरण | दर रेट |
|---|---|---|
| १ | व्यवसायको प्रकृति हेरी (प्रतिट्रीप) | ५,०००/- देखि २०,०००/- |

**नोट:** वस्तु वर्गिकरण र करको दर रेटको अन्य व्यवस्था नगर कार्यपालिकाले तोके वमोजिम हुने छ |

## सबैला नगरपालिका
## सवारी कर (वार्षिक)
## अनुसूची ५

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| क | बस ट्रक, लरी | १०००।०० |
| ख | भाडाका कार, जीपहरुमा | १०००।०० |
| ग | भाडाका टेम्पोहरुमा | ५००।०० |
| घ | भाडाका मिनिबस, मिनि ट्रकहरुमा | १०००।०० |
| ङ | निजि कार, टेम्पो, जीपहरुमा | ५००।०० |
| च | मोटरसाईकल, स्कुटर आदिमा | १००।०० |
| छ | ठेलागाडा, रिक्सा, बैल गाडा आदिमा | २५।०० |
| ज | निजि मिनि बस, मिनि ट्रकहरुमा | ३००।०० |
| झ | बिबाह रथ | १५००।०० |
| ञ | न.पा. क्षेत्रभित्रका ठेलागाडा, रिक्सा, बैल गाडा को दर्ता गरी नम्बर दिए बापत | ५०।०० |

## सबैला नगरपालिका
## विज्ञापन कर
## अनुसूची ६

| सि.नं. | विवरण | दररेट (प्रति वर्ग फिट) |
|---|---|---|
| क | होडिंग बोर्ड ,पोल बोर्ड ,डी.पि.यस.बोर्ड, ग्लो साईन बोर्ड (२ बर्ग फिट सम्म ) | २५।०० |
| ख | होडिंग बोर्ड ,पोल बोर्ड ,डी.पि.यस.बोर्ड, ग्लो साईन बोर्ड (२ बर्ग फिट भन्दा माथि ) | ५०।०० |
| ग | भित्ते लेखन २ बर्ग फिट सम्म | २५।०० |
| घ | फ़्लेक्स प्रिन्ट ब्यानर /कपडा ब्यानर ६ बर्ग फिट सम्म | २०।०० |
| ङ | जुनसुकै स्थानमा व्यवसाय राखी न.पा.क्षेत्र भित्र ब्यानर, कपडा वा अन्य अस्थायी समान प्रयोग गरि बिज्ञापन गरेको हकमा २ मि. भन्दा बढी को लागि प्रतिगोटा | ५००।०० |

**सबैला नगरपालिका**

**मनोरंजन कर**

**अनुसूची ७**

| **सि.नं.** | **विवरण** | **पटके दररेट** |
|---|---|---|
| क | नगरपालिका क्षेत्रभित्र स्वदेशी चलचित्र छायाँकन गरेको प्रति दिन | १०००।०० |
| ग | नगरपालिका  क्षेत्रभित्र बिदेशी चलचित्र छायाँकन गरेको प्रति दिन | २५००।०० |
| **चलचित्र छायांकनका लागि प्रवेश शुल्क निम्न दरमा उठाउनु पर्ने छ** | | |
| क | सवारीसाधन  भित्र रहेका वा पैदल हिड्ने प्रतिव्यक्ति पटके | १०।०० |
| ख | सवारीसाधन  भित्र रहेका वा पैदल हिड्ने बिद्यार्थी  प्रतिव्यक्ति पटके | ५।०० |
| ग | बिदेशी व्यक्ति प्रतिव्यक्ति | १००।०० |
| घ | सार्क राष्ट्र प्रतिव्यक्ति | ५०।०० |
| ङ | बिद्यार्थी | निशुल्क |
| **चलचित्र छायांकनका लागि नगर प्रवेश गर्नेसंग सरसफाई शुल्क** | | |
| क | २५ जनासम्मका लागि | १००।०० |
| ख | २६ देखि ५० जनासम्म | २००।०० |
| ग | ५१ देखि १०० जनासम्म | ३५०।०० |
| घ | १०१ देखि १५० जनासम्म | ४००।०० |
| ङ | १५१ देखि माथि | ५००।०० |
| **मनोरंजन शुल्क** | | |
| १ | सिनेमा घर | |
| १.१ | १०० सिट सम्म छमता | ६,०००।०० |
| १,२ | १०० सिट भन्दा बढी छामता | १०,०००।०० |
| २ | सर्कस प्रति दिन | १००।०० |

**नोटः**

माथिको विवरणमा नसमेटिएको क्षेत्रमा मनोरंजन कर संकलन गर्नु पर्दा नगर प्रमुखले तोके बमोजिम संकलन गरी,आगामी नगर सभामा यसको दर रेट  अनुमोदनको लागि पेश गर्नु पर्ने छ।

सबैला नगरपालिका

व्यवसाय दर्ता शुल्क

अनुसूची ८

एक पटक

| सि.नं. | विवरण | दर रेट रू |
|---|---|---|
| **क** | **खुद्रा पसल** | |
| १ | चुरोट रक्सी समेतका खुद्रा पसल | ८००।०० |
| २ | डिलर चुरोट, रक्सी, चिनी आदिको पसल | १५००।०० |
| ३ | कवाडी पसल | १०००।०० |
| ४ | पान पसल | ८००।०० |
| ५ | चुरोट रक्सी समेतका थोक पसल | १५००।०० |
| ६ | ज्वेलरी पसल | २०००।०० |
| ७ | भिडियो क्यासेट पसल (रेकर्डर तथा प्लेयर) | ८००।०० |
| ८ | निर्माण सामाग्री बिक्रेता | ३०००।०० |
| ९ | कम्प्युटर, बिद्युतीय सामान, क्यामरा टेलिभिन मर्मत, कार्पेट पसल आदिमा | ३०००।०० |
| १० | रडियो, मोवाईल मर्मत तथा बिक्रि | १०००।०० |
| ११ | पेट्रोलियम पदार्थ थोक (पेट्रोलपम्प) | १००००।०० |
| १२ | पेट्रोलियम पदार्थ खुद्रा | ५०००।०० |
| १३ | दैनिक खाद्य सामाग्री खुद्रा पसल कठघरा ५००।०० पक्कीघर १०००।०० | ५००।००<br>१०००।०० |
| १४ | कपडा तथा रेडिमेट | १२००।०० |
| १५ | सुति कपडा थोक बिक्रेता | १२००।०० |
| १६ | दैनिक खाद्य सामाग्री थोक बिक्रेता | ३०००।०० |
| १७ | स्नुकर खेल | १५००।०० |
| १८ | पुल हाउस | १५००।०० |
| १९ | एग्रोभेट पसल खुद्रा | ५००।०० |
| २० | औषधी पसल खुद्रा | ८००।०० |
| २१ | औषधी थोक बिक्रता | १०००।०० |
| २२ | फुल / विरुवा बिक्रेता | ५००।०० |
| २३ | खोटो व्यवसायी | ५००।०० |
| २४ | सिसा प्लाईउड बिक्रेता | १०००।०० |
| २५ | भाँडाकुडा बिक्रेता | १०००।०० |
| २६ | स्टिल, काठ फर्निचर तथा फर्निशिङ बिक्रेता | १५००।०० |
| २७ | खेलौना, उपहार, गिफ्ट बिक्रेता | ६००।०० |
| २८ | सवारी साधन बिक्रेता | ३०००।०० |
| २९ | केबुल नेटवर्किङ | ३०००।०० |
| ३० | ट्राभल एजेन्सी | १०००।०० |

| सि.नं. | विवरण | दर रेट रू |
|---|---|---|
| ३१ | जिम सेन्टर | ८००।०० |
| ३२ | हेवी ईक्वेप्मेन्ट वर्कशप वस, ट्रक समेत | १५००।०० |
| ३३ | ड्राई क्लिनर्स | ५००।०० |
| ३४ | ग्यास सिलिण्डर डिलर तथा डिपो | १५००।०० |
| ३५ | अटो मेकानिक्स तथा ईन्जिनियरिङ बस ट्र्याक्टरहरु | १५००।०० |
| ३६ | लेथ सेक्शन वर्कशप | ८००।०० |
| ३७ | टायर रिसोलिङ | ८००।०० |
| ३८ | सिमेन्ट ब्लक, रिङ र टायल उद्योग | १०००।०० |
| ३९ | इट्टा, बालुवा, रोडा बिक्री केन्द्र | १५००।०० |
| ४० | पानी प्रशोधन केन्द्र | ३०००।०० |
| ख | **विशेषज्ञ परामर्श तथा अन्य व्यावसायीक पेशामा** | |
| १ | स्वास्थ्य क्लिनिक | ८००।०० |
| २ | कविराज क्लिनिक | ५००।०० |
| ३ | ईन्जिनियर /काउन्सिलमा दर्ता भएको ईन्जिनियर सेवा | १०००।०० |
| ४ | कानुन व्यवसायी फर्म | ५००।०० |
| ५ | लेखापरिण फर्म | ५००।०० |
| ६ | दन्त क्लिनिक | १०००।०० |
| ७ | अनुसन्धानकर्ता तथा परामर्शदाता | ८००।०० |
| ८ | ओभरसियर सेवा | ८००।०० |
| ९ | बीमा एजेन्सी | १५००।०० |
| १० | सर्भेयर सेवा फर्म | ५००।०० |
| ११ | अनुबादक सेवा फर्म | ५००।०० |
| १२ | पशु चिकित्सालय | ८००।०० |
| १३ | शेयर दलाल सेवा | १५००।०० |
| १४ | सहजकर्ता फर्म | ८००।०० |
| १५ | निर्माण व्यवसाय | ३०००।०० |
| १६ | न.पा. क्षेत्रभित्र ठेगाना भएका तथा अन्य निर्माण कम्पनि | ५०००।०० |
| ग | **उत्पादनमुलक उद्योग** | |
| १ | होजियारी उद्योग | १०००।०० |
| २ | इट्टा भट्टा | ५०००।०० |
| ३ | अन्य उत्पादनमुलक उद्योग | १०००।०० |
| घ | **उर्जामुलक उद्योग** | |
| १ | गोबरग्याँस उद्योग | १०००।०० |
| २ | सोलार | १२००।०० |
| ३ | अन्य उद्योगमा | १५००।०० |
| ङ | **कृषि तथा अन्य उद्योग चिउरा उद्द्योग** | ३०००।०० |

| सि.नं. | विवरण | दर रेट रू |
|---|---|---|
| १ | फर्निचर उद्योग | १५००।०० |
| २ | कुटानी, पिसानी, पेलानी, मिल | ३०००।०० |
| ३ | धन गहु गद्दी | ५०००।०० |
| ४ | सरकारका खनिज उद्योग (रोडा ढुँगा समेत) | ३०००।०० |
| ५ | अन्य खुल्ला उद्योग तथा कलकारखाना (रु. ५० लाखभन्दा माथि) | ५०००।०० |
| ६ | सञ्चार सेवा | ३०००।०० |
| ७ | टेलिफोन, फ्याक्स, ईमेल, ईन्टर्नेट आदि | ६००।०० |
| ८ | एस.टी.डि आई.एस.टि.डि | ६००।०० |
| ९ | फोटोकपी | ८००।०० |
| १० | कुरियर सेवा | ६००।०० |
| ११ | समिल | ४०००।०० |
| १० | अन्य | ६००।०० |
| च | **बितीय सेवा** | |
| १ | बित्तीय सेवा मनि ट्रान्सफर | २०००।०० |
| २ | सहकारी संस्था | २०००/०० |
| ३ | शाखा कार्यालय, अन्य स्थानमा कार्यालय रही कारोबर गर्ने वित्तिय संस्थाहरु | १५००।०० |
| **छ** | **स्वास्थ्य सेवा** | |
| १ | गैर सरकारी अस्पताल | १०००।०० |
| २ | नर्सिङ होम | १०००।०० |
| ३ | क्लिनिक तथा ल्याब | १०००।०० |
| **ज** | **शिक्षा सेवा** | |
| १ | नीजि क्षेत्रका स्कुल, मा.बि. | ५०००।०० |
| २ | निजि क्षेत्रका क्याम्पस | ५०००।०० |
| ३ | निजि बिध्यालय आधारभुत तह | ६००।०० |
| ४ | तालिम तथा अनुसन्धान केन्द्र | ६००।०० |
| ५ | टाईपिङ कम्प्युटर तथा भाषा प्रशिक्षण | १०००।०० |
| **झ** | **गैर सरकारी संस्था** | |
| १ | **अन्तराष्ट्रिय गै.स.सं** | ५०००।०० |
| **२** | **राष्ट्रिय गैर सरकारी संस्था** | |
| | क) राष्ट्र स्तरीय | १०००।०० |
| | ख) जिल्ला स्तरीय | ८००।०० |
| | ग) नगर स्तरीय | ६००।०० |
| **३** | मर्मत सम्भार सेवा | १०००।०० |
| **ञ** | **अन्य सेवा** | |
| १ | मोटर मोटरसाइकल वर्कशप | १०००।०० |
| **२** | रडियो, टि.भी., घडी, प्रेसर कुकर, हिटर, टेलिफोन सेट, बिद्युत सामाग्री मर्मत | ८००।०० |

| सि.नं. | विवरण | दर रेट रू |
|---|---|---|
| ३ | ब्युटी पार्लर र ड्राई क्लिनर्स | ६००।०० |
| ४ | मासु बिक्रेता | १०००।०० |
| ५ | फ्रेश हाउस | १०००/०० |
| ६ | साइनबोर्ड बनाउने आर्ट पसल | ६००।०० |
| ७ | सिलाई पसल | ६००।०० |
| ८ | कपडा समेत राखी टेलर पसल | १५००।०० |
| ९ | केश सृङ्गार (सैलुन) | ६००।०० |
| १० | अन्य व्यवसाय | १५००।०० |
| **ठ** | **सेवा उद्योग** | |
| १ | छापाखाना | १०००।०० |
| २ | बैण्ड बाजा | ६००।०० |
| ३ | फोटोग्राफी | १०००।०० |
| ४ | Saund सिस्टम | ६००।०० |
| ५ | अन्य | ६००।०० |
| ६ | निर्माण उद्योग ग वर्ग १५०००.०० घ वर्ग १००००.०० | ५०००।००<br>४०००।०० |
| **ड** | **पर्यटन उद्योग** | |
| १ | "क" वर्ग होटल तथा रिसोर्ट | १००००।०० |
| २ | "ख" वर्ग होटल तथा रिसोर्ट | ८०००।०० |
| ३ | "ग" वर्ग होटल तथा रिसोर्ट | ५०००।०० |
| ४ | रेष्टुरेन्ट | १५००।०० |
| ५ | फास्टफुड भान्छाघर | १२००।०० |
| ६ | लज मात्र भएकोमा | १०००।०० |
| ७ | भोजनालय | ८००।०० |
| ८ | मिठाई पसल | १०००।०० |
| ९ | चिया चमेना पसल | ६००।०० |
| १० | पाटी प्यालेश, पाटी भेनु, पाटी बैङ्क्वेट | २०००।०० |
| ११ | रेष्टुरेन्ट सहितको तालिम केन्द्र | ३०००।०० |
| **ढ** | **विधुत, टेलिफोन** | |
| १ | बिजुली पसल | १२००।०० |

नोट : **सबैला नगरपालिका भित्रका सबै प्रकारका व्यवसाय दर्ताका लागि २०७५ साल जेष्ठ मसान्त भित्र व्यवसाय दर्ता गरेमा तोकिएको दर्ता शुल्कको ३० प्रतिशतले हुने रकम छुट दिई दर्ता गर्ने। २०७५ असाढ १ गतेदेखि अषाढ मसान्तभित्र दर्ता गर्नेलाई छुट नदिई तोकिएको दर्ता शुल्क लिई दर्ता गर्ने । आगामी आ.व. मा दर्ता गर्न आएमा आगामी सभाबाट जरिवाना तोकी सो समेत असुल गरिमात्र दर्ता गर्ने व्यवस्था मिलाउने ।**

## सबैला नगरपालिका
## वहाल विटौरी शुल्क
## अनुसूची ९

| सि.नं. | विवरण | दररेट प्रति दिन |
|---|---|---|
| १ | प्रत्येक टहरा खाट | ३५।०० |
| २ | सडक छेउमा तरकारी राखी बेच्ने | २५।०० |
| ३ | ठेलागाडी तरकारी, बदाम, फलफुल राखी बेच्ने | २०।०० |
| ४ | रोड छेउमा रेडिमेट कपडा बेच्न राख्नेलाई | ३०।०० |
| पशुपञ्छी प्रवेश शुल्क | | |
| १ | राँगा-भैसी खशीबोका, सुँगुर प्रतिगोटा | ५०।०० |
| २ | हाँस, कुखुरा प्रति टोकरी | १०।०० |
| ३ | माछा प्रति टोकरी | १५।०० |
| सवारी प्रबेस शुल्क पटके | | |
| १ | ट्याक्टर | २५।०० |
| २ | कार, जीप, भ्यान, बस | ३०।०० |
| ३ | ट्रीपर, ट्रक, स्काभेटर, ब्यक हो लोडर, | १००।०० |

नोट ; सरकारी तथा तोकिएका सवारीसाधन मा छुट हुने छ

## सबैला नगरपालिका
## पार्किङ्ग शुल्क
## अनुसूची १०

| सि.नं. | विवरण | दररेट पटके |
|---|---|---|
| क | हेलिकप्टर ल्याण्ड गरेको | ५०००।०० |
| ख | बस, ट्रक, लहरी | ५०/०० |
| ग | मिनिबस आदि | ४०।०० |
| घ | कार, जीप, ट्र्याक्टर आदि | ३०।०० |
| ङ | मोटरसाईकल, स्कुटर, ट्याम्पो, ठेलागाढा, रिक्सा आदिमा पटके | १०।०० |
| च | बिवाह रथ | ५०।०० |

नोट: सरकारी कामका शुल्क नलिने भनी तोकिएका संघ सस्था हरुका हकमा उल्लेखित शुल्क लिईने छैन /

# सबैला नगरपालिका
## सेवा शुल्क, दस्तुर
## अनुसूची ११

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| १ | निवेदन दस्तुर | १०।०० |
| **क** | **सिफारिस दस्तुर** | |
| १ | कित्ताकाट सिफारिस प्रति कट्ठा ( ग्रामिण क्षेत्र ) | ५००।०० |
| २ | कित्ताकाट सिफारिस प्रति कट्ठा (शहरी क्षेत्र ) | १०००।०० |
| ३ | उजुरी-सबै प्रकारको | २००।०० |
| **ख** | **घरजग्गा नामसारी सिफारिस** | प्रति कट्ठा रु. २००।०० |
| १ | जोत नामसारी | प्रति कित्ता रू १०००।०० |
| २ | घरजग्गा दर्ता | प्रति कित्ता रू ५००।०० |
| ३ | विर्ता जग्गा दर्ता | प्रति कित्ता रु. ५००।०० |
| ४ | जोत छोटपत्र र लगत कट्टा | प्रति कित्ता रु. १०००।०० |
| ५ | गुठी जग्गा राज गुठीमा र रैतान नं परिणत दर्ता नामसारी | प्रति कित्ता रु. १०००।०० |
| ६ | स्ववासी जग्गाको हक प्रमाणित घर भए प्रतिघर थप | २००।०० |
| ७ | स्ववासी जग्गाको हक प्रमाणित घर भए प्रतिघर थप | २००।०० |
| ८ | छुट जग्गादर्ता सिफारीस प्रतिकित्ता | प्रतिकित्ता रु. २०००।०० |
| ९ | व्यवसाय नामसारी | ५००।०० |
| **ग** | **अन्य सिफारिस** | २००।०० |
| १ | उद्योग दर्ता | ५००।०० |
| २ | डिलरसिप | १०००।०० |
| ३ | नाम, थर संशोधन | २५०।०० |
| ४ | धारा, बिजुली जडान | ५००।०० |
| ५ | धारा, बिजुली नामसारी | २००।०० |
| ६ | तीनपुस्ते फोटो टाँस | ३००।०० |
| ७ | अन्य कार्यालयबाट आउने सर्जमिन | २५०।०० |
| ८ | अपुताली सिफारिस प्रतिरोपनी | ५००।०० |
| ९ | असहाय अपाङ्गको सिफारीस | निशुल्क |
| | **घ चार किल्ला प्रमाणित** | |
| १ | **परिक्रमा सडक संग जोडिएका जग्गाहरु** | |
| १ | ५ कट्ठा सम्म | ६००।०० |
| १ | ५-१० कट्ठा सम्म | ७००।०० |
| ३ | १० कट्ठा -१ बिघा सम्म | १०००।०० |
| ४ | १ बिघा माथि प्रति बिघा थप | ६००।०० |
| | **ङ अन्य ग्राभेल सडकले छोएका जग्गाहरु** | |
| १ | ५ कट्ठा सम्म | ४००।०० |

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| २ | ५-१० कठ्ठा सम्म | ५००।०० |
| ३ | १० कठ्ठा -१ बिघा सम्म | ७००।०० |
| ४ | १ बिघा माथि प्रति बिघा थप | ५००।०० |
| | **च गोरेटो बाटो** | |
| १ | ५ कठ्ठा सम्म | २००।०० |
| २ | ५-१० कठ्ठा सम्म | ३००।०० |
| ३ | १० कठ्ठा -१ बिघा सम्म | ५००।०० |
| ४ | १ बिघा माथि प्रति बिघा थप | ३००।०० |
| | **छ बाटोले नछोएका जग्गाहरु** | |
| १ | ५ कठ्ठा सम्म | १५०।०० |
| २ | ५-१० कठ्ठा सम्म | २५०।०० |
| ३ | १० कठ्ठा -१ बिघा सम्म | ३५०।०० |
| ४ | १ बिघा माथि प्रति बिघा थप | २००।०० |
| **ज** | **घरबाटो प्रमाणित दस्तुर (घर बाटो सिफारिस)** | ५००।०० |
| | **अंश प्रयोजनका लागि उल्लिखितमा लाग्ने दस्तुरको पचास प्रतिशत मात्र लिने** | |
| **झ** | **वार्षिक आम्दानी प्रमाणित दस्तुर** | आम्दानीको ०.२ प्रतिशत |
| **ञ. फर्म विक्री** | | |
| १ | निवेदन फारम | १०/०० |
| २ | नाता प्रमाणित निवेदन फारम | ३०।०० |
| ३ | नागरिकता सिफारिस | ४०।०० |
| ४ | नक्शापास फारम | १०००।०० |
| ५ | प्रमाणपत्र | २००।०० |
| ६ | अंगिकृत नागरिकता सिफारिस | २०००।०० |
| ७ | रकम कलम उठाए बापत शुल्क प्रति हजार | ०.२५% |
| ८ | घर बहाल कर | २.००% |
| ९ | न.पा.क्षेत्र भित्रका सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी व्यवसाय गर्न दिएबापत निर्माण बिटौरी कर | २०।०० |
| **ञ** | **शौचालय प्रयोग शुल्क** | |
| | **न.पा.का स्वामित्वमा रहेका शौचालयहरु प्रयोग गरेबापत** | |
| १ | दिशा | १०।०० |
| २ | पिसाब | ५।०० |
| ३ | स्नान | २०।०० |
| ४ | गाडी सरसफाई प्रति गाडी | १५०।०० |
| ५ | सम्पत्ति मूल्याङ्कन दस्तुर नेपालीमा | ०.०५प्रतिशत |
| **ट** | न.पा.बाट हुने कुनै पनि सिफारीसको न्यूनतम शुल्क रु २०० भन्दा जतिसुकै कम भए पनि रु २०० मा नघटाई सिफारिस दस्तुर लिने . | २००/०० |
| **ठ** | **सेवा शुल्क** | |

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| ढल निकास जडान शेवा शुल्क | | |
| १ | नयाँ घर हकमा प्रतिघर रु | ३०००।०० |
| २ | पुरानो घरको हकमा प्रतिघर रु | २५००।०० |
| **ढ** | **बैदेशिक प्रयोजनका लागि अङ्ग्रेजीमा सिफारिस पत्रहरु** | |
| १ | नाता प्रमाणित | ४ जना सम्म रु. ५००, ४ जना भन्दा माथि प्रति व्यक्ति रु. १०० का दरले थप |
| २ | जन्म प्रमाणित | ३००।०० |
| ३ | कर चुक्ता प्रमाणित | ३००।०० |
| ४ | विवाहिता र अविवाहिता प्रमाणित | ३००।०० |
| ५ | आयस्रोत प्रमाणित | आयको ०.५ प्रतिशत |
| ६ | दुबै एकै भएको प्रमाणित | ३००।०० |
| ७ | सम्पत्ति मूल्याङ्कन सिफारिस | सम्पतिको ०.१५ प्रतिशत |
| ८ | प्रतिलिपी दस्तुर प्रति A4 साईज पेपर | १०।०० |
| १० | नगरपालिकाको अमिनको सेवा लिन चाहेमा सेवा शुल्क बापत | ५००।०० |
| ११ | सार्वजनिक निर्माण सामाग्री थुपारेमा प्रतिदिन | १०।०० |
| **ण** | **मर्मत सम्भार सेवा शुल्क** | |
| १ | धारा, ढल सिंचाई आदिका लागि कालोपत्रे सडक कटान दस्तुर  प्रति वर्गमिटर | ५०००।०० |
| २ | धारा, ढल, सिंचाई आदिका लागि  सडक कटान दस्तुर  प्रति वर्गमिटर | २०००।०० |
| ३ | धारा, ढल आदिका लागि कच्ची  सडक कटान दस्तुर  प्रति वर्गमिटर | ५००।०० |
| ४ | अन्य कार्यका लागि | १०००।०० |
| ५ | मेलमिलाप दस्तुर -मिलापत्र मल्याङ्कन रकमको आधारमा कुल मुल्यको ०.०१ प्रतिशत दुई वा सो भन्दा बढि जति पक्ष हुन्छन सबै पक्षबाट दामासाहि ले लिने | मुल्यको ०.०१ प्रतिशत लिने |
| ६ | जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध बिच्छेद (समय भित्र दर्ता नगरेमा) | १००।०० |
| ७ | समयभित्र दर्ता गरेमा (प्रमाणपत्र दस्तुर) | ५०।०० |
| **त** | **जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध बिच्छेद प्रतिलिपी** | ५०।०० |
| **बिलम्ब शुल्क** | | |
| १ | नगरपालिका क्षेत्रभित्रको जग्गा किनबेच पश्चात सक्कल प्रमाणपूर्जा सहित ३५ दिनभित्र न.पामा एकीकृत सम्पत्ति करमा  दर्ता गर्नेलाई नि:शुल्क दर्ता गर्ने | |
| २ | नगरपालिका क्षेत्रभित्रको जग्गा किनबेच पश्चात सक्कल प्रमाणपूर्जा सहित ३५ दिनदेखि ६ महिना भित्र दर्ता गर्नेलाई | ५०।०० |
| ३ | नगरपालिका क्षेत्रभित्रको जग्गा किनबेच पश्चात सक्कल प्रमाणपूर्जा सहित ६ महिना देखि १ वर्ष भित्र दर्ता गर्नेलाई | ७५।०० |
| ४ | नगरपालिका क्षेत्रभित्रको जग्गा किनबेच पश्चात सक्कल प्रमाणपूर्जा १ वर्ष पछि दर्ता गर्नेलाई प्रत्येक वर्ष रु. ७५ मा | २० % थप |
| **थ** | **प्रतिलिपी** | रु. १००।०० |
| १ | जन्म दर्ता, मृत्यु दर्ता प्रतिलिपी | ५०।०० |

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| २ | सर्जमिन मुचुल्का सेवा शुल्क | रु. २००।०० |
| ३ | संघ सस्था, कार्यालयबाट आएको जन्म दर्ता, मृत्यु दर्ता, विवाहदर्ता तथा नागरिकता सिफारीश | रु. १००।०० |
| ४ | घर  कायम सिफारिस | ५००/- |
| ५ | छात्रवृत्ति सिफारिस | २००/- |
| ६ | विपन्न विध्यार्थी छात्रवृत्ति सिफारिस | निसुल्क |
| ७ | अपांग सिफारिस | निशुल्क |
| ८ | स्थायी बसोवास सिफारिस | ५००/- |
| ९ | आर्थिक आवस्था बलियो वा सम्पन्नता प्रमाणित | २०००/- |
| १० | आर्थिक आवस्था कमजोर वा बिपन्नता प्रमाणित | २००/- |
| ११ | धारा जडान सिफारिस | ५००/- |
| १२ | जीवित रहेको सिफारिस | २००/- |
| १३ | व्यवसाय बन्द सिफारिस | ५००/- |
| १४ | व्यवसाय संचालन नभएको सिफारिस | ५००/- |
| १५ | कोर्ट फि मिनाहा सिफारिस | ५००/- |
| १६ | नावालक परिचय पत्र सिफारिस | २००/- |
| १७ | चौपाया सम्बन्धि सिफारिस | १०००/- |
| १८ | उधोग ठाउँसारी सिफारिस | १०००/- |
| १९ | बिद्यालय ठाउँसारी सिफारिस | १०००/- |
| २० | विध्यालय संचालन स्वीकृत कक्षा वृद्धि सिफारिस | १०,०००/- |
| २१ | व्यक्तिगत विवरण सिफारिस | २००/- |
| २२ | सम्प्रक्षक सिफारिस (व्यक्तिगत) | २००/- |
| २३ | सम्प्रक्षक सिफारिस (संस्थागत) | ५००/- |
| २४ | कोठा खोल्ने कार्य/रोहवरमा बस्ने कार्य | ५००/- |
| २५ | निशुल्क वा स:शुल्क स्वास्थ्य उपचार सिफारिस | २००/- |
| २६ | घर पाताल प्रमाणित | २००/- |
| २७ | कागज/मन्जुरीनामा प्रमाणित | २००/- |
| २८ | हकवाला वा हकदार प्रमाणित | ५००/- |
| २९ | अविवाहित प्रमाणित | ५००/- |
| ३० | जग्गा रेखाङ्कनको कार्य | १०००/- |
| ३१ | जग्गा धनीपुर्जा हराएको सिफारिस | २००/- |
| ३२ | पुर्जामा घरकायम गर्ने सिफारिस | २००/- |
| ३३ | बैदेशिक प्रयोजनका लागि कागजात प्रमाणित | ५००/- |

**नोट:**

१. कुनै पनि सिफारिसहरु दिदा घर वहालमा दिएको भए वा कुनै पनि व्यवसाय गरेको भए वहाल करको सम्झौता सहित वहाल कर चुक्ता गरी व्यवसाय दर्ता गरेर मात्र सिफारिस प्रदान गरिने छ|

## सबैला नगरपालिका
## पर्यटन शुल्क
## अनुसूची १२

| सि.नं. | विवरण | दररेट (रु.) |
|---|---|---|
| २ | पर्यटक स्तरीय होटेल तथा रेष्टुराको विलमा थप गरी लिने पर्यटन सेवा शुल्क | १.००% |

## सबैला नगरपालिका
## कर छुट
## अनुसूची १३

| सि.नं. | विवरण | लाग्ने शुल्क तथा दस्तुरमा |
|---|---|---|
| १ | हरित मापदण्ड पुरा भएका भवनहरुका लागि घर बहाल करमा छुट | २० प्रतिशत |
| २ | २५ जना भन्दा बढीलाई रोजगारी दिने उद्योग व्यवसायीहरुलाई ५ बर्ष व्यवसाय करमा छुट को व्यवस्था गरिने छ | | ५० प्रतिशत |
| ३ | साबिक घरधनीहरुले सम्पूर्ण कर चुक्ता गरि नक्सा तयार गरि नक्सा पास गर्न २०७५ जेष्ट महिना भित्र आए मा नक्सा पास दस्तुरमा छुट | | ६० प्रतिशत |
| ४ | न.पा का बिस्तारित वडाहरुमा नक्सा अभिलेखीकरण गर्दा गैह नाफामुलक तथा सामुदायिक संस्थाहरुको भवनलाई छुट | ७० प्रतिशत |
| ५ | असाह्य अपांगहरुलाई | निशुल्क |
| ६ | २०७५ जेष्ट मसान्त सम्म साबिक देखि चले को पसल ब्यबसाय दर्ता गराए मा दर्ता सुल्कमा छुट दिईनेछ | | २० प्रतिशत |
| ७ | २०७५ को असर १५ गतेसम्ममा व्यवसाय कर बुझाउने व्यवसायीलाई छुट | १०.००% |
| ८ | वार्षिक सवारी कर तिर्ने सवारी साधनलाई पार्किङ्ग शुल्कमा छुट | २५ प्रतिशत |
| ९ | ग्रामिण क्षेत्रमा बसोबास गर्ने मुसहर, डोम लगाएत का दलित तथा पिछदबर्गका जग्गा हरुमा घरबाटो सिफारिस गर्दा लाग्ने सिफारिस दस्तुरमा छुट | ७५ प्रतिशत |

नोट कर दस्तुर ,शुल्क तथा जरिवाना छुट वा मिनाहा गर्दा नगर कार्यपालिकाको बैठक बसी दस्तुर छुट दिन सकिने छ

# सबैला नगरपालिका
# नक्सा दर्ता दस्तुर
# अनुसूची १५

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| **नक्सा दर्ता दस्तुर** | | |

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| १ | सुर्खिचुना जोडाई प्रतिघर | १५००।०० |
| २ | माटो जोडाई भबन घर प्रतिघर | १५००।०० |
| ३ | सिमेन्ट जोडाइ पक्कि भवन तथा घर प्रतिघर | २०००।०० |
| ४ | अस्थायी टहरा प्रति टहरा साधारण | ८००।०० |
| ५ | अस्थायी टहरा उद्योग होटल आदि प्रति | ३०००।०० |
| ६ | साबिकको फुसको घर नक्सा सहित गर्न नक्सा दर्ता दस्तुर प्रति घर | ५००।०० |
| **साबिक संरचनामा तल्ला थप वा संरचना हेरफेर** नक्सा सहित नक्शापास गर्न दस्तुर | | |
| १ | माटो जोडाईको पक्की घरमा नक्सा बर्गफिट. | ३।०० |
| २ | सिमेन्ट जोडाईको पक्की घरमा प्रति बर्गफिट. | ६।०० |
| ३ | होटल व्यवसाय र सपिङ कम्प्लेक्सको लागि प्रति बर्गफिट. | १०।०० |
| ४ | साबिकको फुसको घर प्रति घर | १०००।०० |
| ५ | माटो इट्टाको घर प्रति घर | ३०००।०० |
| ६ | सिमेन्ट इट्टाको घर प्रति घर | ५०००।०० |
| ७ | पिलर सिस्टमको घर प्रति घर | ७०००।०० |
| **नक्सा नामसारी दस्तुर प्रति संरचना** | | |
| १ | पारिवारिक | ५०००।०० |
| २ | व्यवसायिक | ८०००।०० |
| ३ | अन्य | ४०००।०० |
| ४ | सबैला बजार, भठीहन बजार रघुनाथपुर बजारको १०० मिटर दायाँ बायाँको क्षेत्रका हकमा | ७०००।०० |
| ५ | अन्य शहरी क्षेत्रहरुमा | ४०००।०० |
| ६ | घर नक्शा दर्ता नामसारी उजुरी दस्तुर | ६००।०० |

**नोट :** **सबैला नगरपालिकामा साविकदेखि भएरहेका भवन संरचनाको नक्सा अभिलेखिकरण गर्न २०७५ साल जेष्ठ मसान्त भित्र नक्सा सहित निवेदन गरेमा तोकिएको अभिलेखिकरण शुल्कको ४० प्रतिशतले हुने रकम छुट दिई नक्सा अभिलेखिकरण गर्ने । २०७५ असाढ १ गतेदेखि अषाढ मसान्तभित्र अभिलेखिकरण गर्नेलाई छुट नदिई तोकिएको शुल्क लिई अभिलेखिकरण गर्ने । आगामी आ.व. मा अभिलेखिकरण गर्न आएमा आगामी सभाबाट जरिवाना तोकी सो समेत असुल गरिमात्र अभिलेखिकरण गर्ने व्यवस्था मिलाउने ।**

# सबैला नगरपालिका
# सरसफाई सेवा शुल्क
# अनुसूची १६

| सि.नं | विवरण | मासिक दर रेट (रु.) |
|---|---|---|
| **क** | **पसल बाहाल बाहेक कोठा भाडामा प्रयोग भएको घर** | |
| १ | पसल बाहेक कोठा भाडामा प्रयोग भएको पक्कि घर | १५०/०० |
| २ | पक्कि घर मासिक | १००/०० |
| ३ | पसल बाहेक कोठा भाडामा प्रयोग भएको कच्ची घर | ८०/०० |
| ४ | कच्ची घर | ५०/०० |
| **ख** | **होटल/रिसोर्ट** | |
| १ | क वर्गको लागि | ५०००/०० |
| २ | ख वर्गको लागि | ३०००/०० |
| ३ | ग वर्गको लागि | २०००/०० |
| **ग** | **रेष्टुरेण्ट/गेष्टहाउस/खाजा घरका लागि** | |
| १ | रेष्टुरेण्ट/खाजा घरका लागि | ३००/०० |
| २ | चियापसल/जलपान गृहका लागि | १००/०० |
| **घ** | **पार्टी प्यालेस/पार्टी भेन्यू/बेन्क्यूट/तालिम केन्द्र** | |
| १ | पार्टी प्यालेस/पार्टी भेन्यू/बेन्क्यूटका लागि | ७००/०० |
| २ | तालिम केन्द | ७००/०० |
| ३ | मनोरञ्जन पार्क/पिकनिक स्पट | १०००/०० |
| **ङ** | **तरकारी तथा फलफुल पसल** | |
| १ | थोक तथा फलफुलका लागि | २००/०० |
| २ | खुद्रा बिकेताका लागि | १००/०० |
| **च** | **अस्पताल तथा नर्सिङ्ग होम** | |
| १ | निजी अस्पतालको लागि | ५०००/०० |
| २ | नर्सिङ्ग होमका लागि | ५०००/०० |
| **छ** | **सरकारी/ गैर सरकारी कार्यालय/ शिक्षण संस्थाहरु** | |
| १ | सरकारी कार्यालयहरु | ५००/०० |
| २ | शिक्षण संस्था/गैर सरकारी कार्यालयहरु | ३००/०० |
| **ज** | **पसल/कवाडी/ग्यारेज/उद्योग** | |
| १ | सवै प्रकारको पसल | १००/०० |
| २ | कवाडी पसल | ५००/०० |
| ३ | ग्यारेज | १०००/०० |
| ४ | साना घरेलु उद्योगका लागि | २००/०० |
| ५ | पौल्टी फर्म लागि | १०००/०० |
| ६ | पौल्टी ह्याचरी फर्म | २०००/०० |
| **झ** | **अनकल सर्भिस** | प्रति १०० मिटर |
| १ | प्रति १०० मिटर दूरीको (फोहोर मैलाको उठाउने स्थान देखि फोहोर व्यवस्थापन गर्ने ठाउँ सम्म) | ५०।– |

**नोट:**

१. मासिक सरसफाई शुल्क भुक्तानी नगर्ने सेवाग्राहीलाई सेवा दिन नगरपालिका बाध्य हुने छन् ।

**सबैला नगरपालिका**

**भाडा दस्तुर**

**अनुसूची १७**

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| **भाडा दस्तुर** | | |
| १ | ब्याक-हू लोडर भाडा प्रतिघण्टा | १२००।०० |
| २ | ब्याक-हू लोडरलाई ग्रिज प्रतिदिन | १०००।०० |
| ३ | ब्याक-हू लोडरलाई तेल प्रतिघण्टा | १० लिटर |
| ४ | पानी ढुवानीका लागि दमकल भाडा प्रतिघण्टा | १२००।०० |
| ५ | निर्माण कार्यका लागि दमकल भाडा प्रतिदिन | १००००।०० |
| ६ | दमकल लाई तेल प्रतिघण्टा | १० लिटर |
| ७ | टिपर भाडा प्रतिघण्टा | ८००।०० |
| ८ | टिपर भाडा प्रतिदिन | १५००।०० |
| ९ | टिपरलाई तेल | खर्च अनुसार |

# सबैला नगरपालिका

## दण्ड जरिवाना

## अनुसूची १८

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| १ | नक्सा पास नगरी डि. पी.सी. गरेमा वा तला थप गरेमा नगरप्रमुखको निर्णय अनुसार रु. ३०००० सम्म जरिवाना लाग्ने छ। अस्थायी टहरा तथा कच्ची घरनिर्माण गरेमा नगरप्रमुखको निर्णय अनुसार रु. ५००० सम्म जरिवाना लाग्ने छ। | |
| २ | अनुमति नलिई जग्गा प्लाटिग गरि रू ५०००० जरिवाना लाग्ने छ | | |
| ३ | न.पा.मा तिर्नुपर्ने कर चालु आ.व.मा नबुझाएमा मालपोत बाहेकमा वार्षिक | १०.००% |
| | **तोकेको स्थान बाहेक अन्यत्र सडक पेटी वा अन्य स्थलमा सवारी साधन पार्किङ गरेमा** | |
| क | पहिलो पटक | ५००।०० |
| ख | दोस्रो पटक | १०००।०० |
| ग | तेस्रो पटक | २०००।०० |
| घ | चौथो पटक | ५०००।०० |
| ङ | पाँचौ पटकमा सवारी साधन नियन्त्रणमा लिई सुरक्षा निकायमा जिम्मा लगाईने तथा बिगो | १००००।०० |
| | **व्यवसाय मूलक सामान सडक पेटीमा राखेमा** | |
| क | पहिलो पटक | ५००।०० |
| ख | दोस्रो पटक | १०००।०० |
| ग | तेस्रो पटक | २०००।०० |
| घ | चौथो पटक | ५०००।०० |
| ङ | पाँचौ पटकमा सामान जफत गरिने तथा बिगो | १००००।०० |
| | **होडिङ बोर्ड, फ्लेक्स बोर्ड, साईनबोर्ट सडक पेटीमा राखेमा** | |

| | | |
|---|---|---|
| क | पहिलो पटक | ५००।०० |
| ख | दोस्रो पटक | १०००।०० |
| ग | तेस्रो पटक | २०००।०० |
| घ | चौथो पटक | ५०००।०० |
| ङ | पाँचौ पटकमा सामान जफत गरिने र बिगो | १००००।०० |
| | **निर्माण सामाग्री हटाएकोमा** | |
| क | पहिलो पटक | ५००।०० |
| ख | दोस्रो पटक | १०००।०० |
| ग | तेस्रो पटक | ५०००।०० |
| घ | चौथो पटकमा नपा बाट प्रदान गरिने सेवा सुविधा रोक्का गरिने सहित बिगो | १००००।०० |
| | **सार्वजनिक सम्पत्ति क्षति गरे वा गर्ने प्रयास गरेमा** | |
| क | पहिलो पटक | ५०००।०० |
| ख | दोस्रो पटक | १००००।०० |
| ग | तेस्रो पटक | १५०००।०० |
| घ | चौथो पटकमा नपा बाट प्रदान गरिने सेवा सुविधा रोक्का गरिने सहित बिगो | २५०००।०० |
| | **सडक सीमा र सार्वजनिक जग्गा अतिक्रमण गरी घर/टहरा/पर्खाल/घेराबार र अन्य संरचना निर्माण गरेमा** | |
| क | पहिलो पटक | ५००।०० |
| ख | दोस्रो पटक | ५०००।०० |
| ग | तेस्रो पटक | १००००।०० |
| घ | चौथो पटक | १५०००।०० |
| ङ | पाँचौ पटकमा न.पा. बाट प्रदान गरिने सेवा सुविधाबाट रोक्का गरिने साथै बिगो | २५०००।०० |
| | **शोचालयको ढल खुला छोडे, फोहोर बाटो वा सार्वजनिक स्थानमा खुल्ला छोडेमा** | |
| क | पहिलो पटक | ५००।०० |
| ख | दोस्रो पटक | ३०००।०० |
| ग | तेस्रो पटक | ८०००।०० |
| घ | चौधो पटक | १३०००।०० |
| ङ | पाँचौ पटकमा न.पा. बाट प्रदान गरिने सेवा सुविधाबाट रोक्का गरिने साथै बिगो | १८०००।०० |
| **१२** | **गाइ, गोरु भैसी बाख्रा, पाठा पाठी, सुँगुर आदि सडक बाटोमा बाढे वा छोडेमा** | |
| क | पहिलो पटक | ५००।०० |
| ख | दोस्रो पटक | ३०००।०० |
| ग | तेस्रो पटक | ८०००।०० |
| घ | चौधो पटक | १३०००।०० |
| ङ | पाँचौ पटकमा न.पा. बाट प्रदान गरिने सेवा सुविधाबाट रोक्का गरिने साथै बिगो | १८०००।०० |

**नोट:**

**१. प्रचलित कानुनमा तोकेको दण्ड जरिवाना सोही अनुसार हुनेछ |**

## सबैला नगरपालिका
## राजश्व अभिवृद्धि सम्बन्धी योजना तथा कार्यक्रम
## अनुसूची १९

| सि.नं. | योजना/कार्यक्रम | अनुमानित लागत | रजश्व संकलन हुने निश्चित क्षेत्रहरु | वार्षिक आय संकलन अनुमानित | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर भित्रका पसल, व्यसाय, उद्द्योग, सेवा आदि सबैलाई नगरपालिकामा दर्ता गरी करको दायरामा ल्याउने | २ लाख | | १५ लाख | |
| २ | ब्यबसाय कर | | | १५ लाख | |
| ३ | अथिथिग्रिह निर्माण | ५० लाख | सेवा शुल्क | ३ लाख | |
| ४ | नगरपालिकाको ब्याकहोलोड़र, ट्रीपर, दमकल भाडा | | भाडा | ३ लाख | |
| ५ | मनोरन्जन पार्क निर्माण | ५० लाख | प्रवेश शुल्क | ३ लाख | |
| ६ | एकिकृत मासु बजार तथा बदशाला निर्माण | ५० लाख | सेवा शुल्क | १० लाख | |
| ७ | सार्वजनिक शौचालय निर्माण | १५ लाख | प्रवेश शुल्क ,तथा पसल कवल निर्माण | २ लाख | |
| ८ | बहुउदेशीय सामुदायिक भवन निर्माण | १ करोड | सटर पसल ,तालिम,सेमिनार,बिवाह,ब्रतबन्द | ५ लाख | |
| ९ | पर्यटन सेवा शुल्क | | | १ लाख (रकमको १% को दरले ) | |
| १० | शिक्षा सेवा शुल्क | | बिद्यार्थी भर्ना हुँदा स्कुल ,कलेज व्यवस्थापनसंग छलफल गर्ने | १ लाख (रकमको १% को दरले ) | |
| ११ | खानेपानी ट्यांकी निर्माण र संचालन सेवा शुल्क | | खानेपानी उपभोक्ता समिति संग छलफल गर्ने | ५ लाख (उठेको रकमको २% को दरले ) | |
| १२ | सपिङ्ग कम्प्लेक्स | ५० लाख | पसल, कवल भाडा | २० लाख | |
| १३ | भबन पसल भाडा | १० लाख | | २० लाख | |
| ११ | दण्ड जरिवाना | | | ३ लाख | |
| १२ | बजारमा सेड निर्माण | २५ लाख | ठेक्का | ३५ लाख | |
| १३ | माछा पोखरी व्यबस्थापन र भाडा | १ करोड | ठेक्का | २ करोड | |

आज्ञाले,
राजु बाबु पुडासैनी
प्रमुख प्रशासकीय अधिकृत